अनुसूची -२

(दफा ४ तथा अनुसूची-१ को भाग १ सँग सम्बन्धित)

# भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ संख्या २ मितिः २०८१/०३/२२

## भाग-२

## भीरकोट नगरपालिका

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा

# भीरकोट नगरपालिकाको कर्मचारी कल्याणकोष कार्यविधि, २०८१

# भीरकोट नगरपालिकाको कर्मचारी कल्याणकोष कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः-२०८१/०३/०६**

**प्रस्तावनाः-**

नेपालको सविधानले अंगिकार गरेको सुशासन प्रवर्धन गर्न, कर्मचारीहरुको उचित व्यवस्थापन गरी समयानुकुल सेवा प्रवाह गर्न र स्थानीय तहको काम कारवाहीलाई सरल,सहज र पारदर्शी तवरबाट गुणस्तरीय तथा सेवामुखी बनाउदै बिगत लामो समय देखि साविक स्थानीय निकायको सेवामा समर्पित भई कर्मचारी समायोजन ऐन २०७५ वमोजिम समायोजन भएका साविक स्थानीय निकाय, गा..वि.स, नगरपालिका र जि.वि.स. तर्फका स्थाई कर्मचारीहरुले तथा संघीय लोक सेवा आयोग र प्रदेश लोकसेवा आयोग बाट सिफारिस भई स्थाई नियुक्ति भएका कर्मचारीहरुले अवकाश पछि पाउने उपदान रकम व्यवस्थित गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भीरकोट नगरपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. सम्क्षिप्त नाम र प्रारम्भ;-**

(१) यस कार्यविधिको नाम भीरकोट नगरपालिकाको कर्मचारी कल्याणकोष कार्यविधी २०८१ रहेको छ।

(२) यो कार्यविधि कर्मचारी समायोजन ऐन २०७५ वमोजिम समायोजन भएका तत्कालिन स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१३ अनुसार पदपूर्ति गरिएका साविक स्थानीय निकायका कर्मचारीहरु र संघीय र प्रदेश लोक सेवा आयोगवाट शिफारिस भई कर्मचारीहरुलाई लागुहुने छ ।

(३) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागुहुने छ ।

**२.परिभाषा र व्याख्या :-**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ र कर्मचारी समायोजन ऐन २०७५ सम्झनु पर्दछ।

(ख) "कार्यविधि" भन्नाले कर्मचारी कल्याणकोष कार्यविधी २०८१ सम्झनु पर्छ ।

(ग) "उपदान" भन्नाले तत्कालिन स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१३ अनुसार पदपूर्ति गरिएका कर्मचारीहरुले नियम २६८ वमोजिम प्राप्त गर्ने उपदानलाई सम्झनु पर्छ।

(घ) "कर्मचारी कल्याण कोष" भन्नाले कर्मचारी कल्याण कोष निर्देशिका २०८१ लाई सम्झनु पर्छ ।

(ङ) "उपचार खर्च" भन्नाले कर्मचारी समायोजन ऐन २०७५ अनुसार तत्कालिन स्थानीय निकायका कर्मचारीहरुलाई उपलब्ध गराईने उपचार खर्चलाई सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले भीरकोट नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) "कार्यालय" भन्नाले भीरकोट नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ र सो शब्दले नगरपालिकाको संगठन संरचनामा रहेको शाखा/ उपशाखाका लागि गठन गरिएको प्रशासनिक ईकाई वा वडा कार्यालय समेतलाई जनाउछ ।

(ज) "स्थानीय निकाय" भन्नाले साविक गाँउ विकास समिति,नगरपालिका र जिल्ला विकास समितिलाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख प्रसाशकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रसाशकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) "स्थानीय कर्मचारी" भन्नाले साविक गाँउ विकास समिति,नगरपालिका र जिल्ला विकास समितिमा स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन २०७५ वमोजिम भीरकोट नगरपालिकाको कार्यालयमा समायोजन भएका कर्मचारीलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

**स्थायी पदमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधा सम्बन्धी व्यवस्थाः-**

**३.उपदान :** पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको स्थानीय कर्मचारीले अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा स्थानीय तहको सेवाको निमित्त अयोग्य नठहरिने गरि पदबाट हटाईएमा वा अवकाश दिएमा देहायको दरले उपदान पाउने छ ।

(क) पाँच बर्ष देखि १० वर्ष सम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको आधा महिनाको तलब बराबरको रकम,

(ख) दश वर्ष देखि पन्ध्र वर्ष सम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको एक महिनाको तलब बराबरको रकम,

(ग) पन्ध्र वर्ष देखि बीस वर्ष सम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको डेढ महिनाको तलब बराबरको रकम,

(घ) बीस वर्ष देखि २५ वर्ष सम्म सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको दुई महिनाको तलब बराबरको रकम,

(ङ) पच्चीस वर्ष भन्दा बढी सेवा गरेका स्थानीय तहको स्थायी कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको अढाई महिनाको तलब बराबरको रकम ।

४. **योगदानमा आधारित उपदान :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९१ को उपदफा २ मा जुनसुकै कुरा उल्लेख भएता पनि निवृतभरण कोष ऐन,२०७५ को दफा १० वमोजिमको कर्मचारीको योगदान सम्बन्धी रकम सो ऐन लागु भए पछि स्थानीय तहमा नियुक्त भएका स्थायी कर्मचारीहरुलाई मात्र लागु भएको मानिनेछ ।

**५.कर्मचारी कल्याण कोषः** कर्मचारी कल्याण कोषमा कर्मचारी समायोजन ऐन २०७५ वमोजिम तत्कालिन स्थानीय निकाय तर्फका कर्मचारीहरुलाई औषधी उपचार,विदा वापतको रकम भुक्तानी गर्नु पर्दछ ।

स्थानीय तहले प्रत्येक वर्ष आफ्नो कार्यालयलाई आवश्यक पर्ने कम्तिमा एक महिना बराबरको रकम जम्मा गर्नु पर्दछ।

**६.औषधी उपचार खर्चः** स्थानीय तहमा समायोजन भएका कर्मचारीले सेवा अवधीभरमा अधिकृत स्तरको कर्मचारी भएमा १२ महिना बराबरको र सहायक स्तरको कर्मचारी भए १८ महिना बराबरको खाईपाई आएको तलब रकम उपचार खर्च वापत पाउने छ ।

**७. विमा सम्बन्धी व्यवस्था :** स्थानीय तहले स्थानीय तहका कर्मचारी र सो तहबाट समान रकम व्यहोर्ने गरि विमा सम्बन्धी आवश्यक व्यवस्था गराउनु पर्ने छ ।

**८.विदाको रकम भुक्तानीः** स्थानीय तहका कर्मचारीलाई प्रचलित ऐन कानुन अनुसार कर्मचारीको संचित विदा वापतको रकम भुक्तानी गरिने छ ।

९. स्थायी कर्मचारीहरुको अवकाश हुदाँ वा राजिनामा दिई सेवाबाट निवृत्त हुँदा पाउने उपचार खर्च, बिरामी बिदा र घर विदा लगायतका सुबिधा संघीय र प्रादेशिक कानुनलाई आधार मानी गणना गरिने छ।

**१० विविधः-** संघीय लोकसेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई स्थायी नियुक्ति भएका कर्मचारीहरुले सोही कानुनमा व्यवस्था भए वमोजिमको रकम कट्टा गरि जम्मा गर्नु पर्नेछ । निवृतिभरण कोष ऐन २०७५ को दफा १० वमोजिम कर्मचारीले खाईपाई आएको मासिक तलब बाट ६ % ले हुन् आउने रकम कट्टा गरि सो मा नगरपालिका बाट रकम थप गरि कोषमा रकम जम्मा गर्ने पर्ने छ ।

**११ बाधा अड्काउ फुकाउने :-**

(१) यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाको निर्णयानुसार हुनेछ।

(२) उपदफा (१) वमोजिमको निर्णय स्थानीय राजपत्रमा प्रकाशित गरिने छ ।

आज्ञाले
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत